## प्रमुख प्रशासकिय अधिकृत लबुन राइद्वारा  प्रस्तुत नेचासल्यान गाउपालिकाबाट अ व ०७९ ०८० मा सम्पादित योजना तथा कार्यक्रमहरुको सम्क्षीप्त प्रगति विवरण

सम्मानित यस गाउँसभाका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य ज्युहरु,

नेचासल्यान गाउँपालिकाको १२ औ गाउँसभाको अधिवेशन चलिरहेको विदितै छ । आज मिति २०८० आषाढ ३० गते १२ औँ गाउँसभाको दोस्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत हुने क्रममा छ । सभामा पेश भई स्वीकृत नीति तथा कार्यक्रम र बजेट गाउँपालिकाको विकासको पक्षमा कार्यान्वयन हुन सकोस, हार्दिक सुभकामना र सुभेक्षा प्रकट गर्दछु ।

यसै सम्मानित सभालाई गाउँपालिकाको समग्र गतिविधिको बारेमा जानकारी गराउन गाउँसभाको सचिवको हैसियतले आवश्यक ठानेको छु । त्यसैले आर्थिक वर्ष २०७९/०८० मा गाउँपालिका तथा वडा कार्यालयहरु र विषयगत शाखाहरुबाट सम्पादन भएको वित्तीय तथा भौतिक प्रगतिको संक्षिप्त विवरण यस सम्मानित सभासमक्ष पेश गर्न अनुमति चाहन्छु ।

आ.व. २०७९/०८० मा ४६ करोड ५ लाख ६४ हजारको बजेट सभाबाट स्वीकृत भई कार्यान्वयनमा आएको थियो । यस अतिरिक्त संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रमहरु  र गाउँपालिकासँग सहकार्य गरी कार्यक्षेत्र बनाउने संघसंस्थाहरुको योजना तथा कार्यक्रमहरु सञ्चालनमा आएका थिए । गाउँसभाबाट स्वीकृत बजेट तथा संघ र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सहित आ.व. २०७९/०८० को कुल विनियोजन रु. ४९ करोड ११ लाख २९ हजार रहेको छ । नीति कार्यान्वयनको सिलसिलामा आ.व. २०७९/०८० को योजना तथा कार्यक्रमहरु २०७९ श्रावण १ गते देखि २०८० आषाढ २४ गते राति १२ बजे भित्र सञ्चालन गरि सकिएको छ ।  नीति तथा कार्यक्रम कार्यान्वयनको सिलसिलामा मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरुलाई  धन्यवाद दिन चाहन्छु ।

अब म आ.व. २०७९/०८० मा गाउँपालिका तथा विषयगत शाखाहरुले सम्पादन गरेको कार्य तथा क्रियाकलापहरु बारे संक्षिप्तमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

### विषयगत शाखा तर्फको प्रगति प्रतिवेदनः

पशु सेवा शाखाः

आर्थिक वर्ष २०७९/०८० मा यस शाखालाई संघीय सरकार शसर्त अनुदान रु. ११ लाख तथा गाउँपालिकाको समानिकरण अनुदान रु. ३३ लाख ९० हजार विनियोजन भएको थियो । कार्यपालिकाको निर्णयानुसार पशु (गाईभैसीमा) भाइरसबाट लाग्ने महामारीको रुपमा फैलिएको लम्पी स्किन रोगको उपचार तथा रोकथामको

लागि रु. ३ लाख समेत गरी यस शाखालाई वार्षिक रु. ४७ लाख ९० हजार विनियोजन भएको थियो । जस अन्तर्गत शसर्त तर्फको सबै कार्यक्रमहरु कुशल रुपमा सम्पन्न भएको देखिन्छ । वित्तीय समानिकरण तर्फको पशुन्छि बीमा कार्यक्रममा लक्ष्य अनुसारको पशुको संख्या कम भएकोले ५० प्रतिशत मात्र खर्च भएको देखिन्छ भने बाँकी सम्पूर्ण कार्यक्रमहरु समयमै लक्ष्य अनुसार सम्पन्न भएको देखिन्छ । लम्पी स्किन महामारीको कारण धान रोपाई लगायत वर्षे बाली लगाउन संकट टार्न कृषकहरुको मागलाई सम्बोधन गरी गाउँपालिकाले कृषकको ५० प्रतिशत लागत साझेदारीमा ४० वटा हाते ट्याक्टर (Minitiler) वितरण गरिएको छ ।

स्वास्थ्य शाखाः

आर्थिक वर्ष २०७९/०८० मा स्वास्थ्य शाखालाई संघीय सरकार सशर्त अनुदान रु. ३ करोड २२ लाख र गाउँपालिकाको समानिकरण अनुदान रु. ४२ लाख ५० हजार विनियोजन भएको देखिन्छ । जसमा सशर्त तर्फ रु. २ करोड ५७ लाख ५ हजार २ सय ८१ (७८.८४ प्रतिशत) तथा गाउँपालिकाको समानिकरण अनुदान तर्फ सबै कार्यक्रमहरु सम्पन्न भएको देखिन्छ ।

सेवा इकाई पञ्जिकरण शाखा

आर्थिक वर्ष २०७९/०८० मा कार्यालय सञ्चालन तर्फ यस शाखालाई संघीय सरकार सशर्त अनुदान रु. १० लाख ५७ हजार प्राप्त भएको छ । आर्थिक वर्षको अन्त्यसम्म यस शाखाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार नै खर्च गरेको देखिन्छ ।  आर्थिक वर्षको चौथो त्रैमासिकमा सामाजिक सुरक्षा लाभग्राहीको संख्या १५ सय ८५ जना रहेको छ । जसमा ज्येष्ठ नागरिक ११७९ जना, ज्येष्ठ नागरिक दलित ६५, ज्येष्ठ नागरिक महिला १२६ जना, विधवा १५३ जना, पूर्ण अपाङ्गता ४३ जना, अति असक्त अपाङ्गता १०२ जना र दलित बालबालिका ११७ जना लाभग्राहीको तथ्यांक रहेको छ । आर्थिक वर्ष २०७९/०८० मा नेचासल्यान गाउँपालिकामा सामाजिक सुरक्षा तर्फ रु. ७ करोड ५२ हजार ८ सय ९७ खर्च भएको छ । यो अघिल्लो वर्षको १५ प्रतिशत वा ९१ लाख ४७ हजा ७ सय ३५ वृद्धि हो ।

गाउँपालिकाको सबै वडाहरुमा अनलाईन व्यक्तिगत घट्ना दर्ता सुरु भएको छ । २०७९ वैशाख देखि २०७९ चैत्र मसान्तसम्म जम्मा ८८८ अनलाईन व्यक्तिगत घट्नादर्ता भएको छ । यस अवधिमा जन्म दर्ता ५६४, मृत्यु दर्ता ९५, सम्बन्ध विच्छेद दर्ता ३, विवाह दर्ता १४९ र बसाईसराई दर्ता (आएको २ को २ जना र गएको ७५ को २४३ जना) रहेको छ । अनलाईन व्यक्तिगत घट्ना दर्ता कार्यक्रममा वडामा जनशक्ति व्यवस्थापन र अन्य पूर्वाधार विकासमा जोड दिनु आवश्यक छ ।

कृषि सेवा शाखाः

आर्थिक वर्ष २०७९/०८० मा कृषि सेवा शाखालाई संघीय सरकार सशर्त अनुदान तर्फ रु. १ करोड २३ लाख तथा गाउँपालिकाको समानिकरण अनुदान तर्फ रु. ३४ लाख ५० हजार विनियोजन भएको देखिन्छ । जसमा

संघीय सरकार सशर्त अनुदान १०० प्रतिशत तथा गाउँपालिका समानिकरण अनुदान थ्रेसर खरिद तथा वितरणको रु. ३ लाख र मल व्यवस्थापन तालिम शिर्षकको रु. १ लाख गरी रु. ४ लाख बराबरको कार्यक्रम बाहेक अन्य सम्पूर्ण कार्यक्रमहरु सञ्चालन भएको देखिन्छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत किवि पकेट विकास कार्यक्रमको निरन्तरता, बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता र नयाँ आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालनमा आएका छन ।

<u>शिक्षा युवा तथा खेलकुद शाखाः</u>

आर्थिक वर्ष २०७९/०८० मा शिक्षा तर्फ संघीय सरकार सशर्त अनुदान रु. १७ करोड ८७ लाख ११ हजार तथा गाउँपालिकाको समानिकरण अनुदान रु. ७३ लाख १२ हजार प्राप्त भएको देखिन्छ । जस अन्तर्गत संघीय सरकार सशर्त अनुदान तर्फ रु. १६ करोड ८१ लाख ८६ हजार ९ सय ५  अर्थात ९४.११ प्रतिशत र गाउँपालिकाको समानिकरण अनुदान तर्फ रु. ४५ लाख ५९ हजार ३ सय ६३ अर्थात ६२.३५ प्रतिशत खर्च भएको देखिन्छ ।

युवा  तथा खेलकुद अन्तर्गत संघीय सरकारबाट रु. ११ लाखको कार्यक्रम हस्तान्तरण भएको देखिन्छ । यस कार्यक्रममा जम्मा ४ लाख ५० हजार अर्थात ४०.९ प्रतिशत खर्च भएको छ । यस अतिरिक्त यस शाखाबाट राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (गाउँपालिका स्तर र जिल्ला सहभागी) सम्पन्न भएको छ । यस कार्यक्रमको लागि छुट्टै रु. १३ लाख ४८ हजार खर्च भएको छ । यो प्रतियोगिताबाट विद्यार्थीको खेल क्षेत्रको प्रतिभा प्रस्फुटनमा सहयोग पुगेको छ  । राष्ट्रपति रनिङ शिल्ड अन्तर्गत जिल्ला स्तरीय प्रतियोगितमा नेचासल्यान गाउँपालिकाले सन्तोषजनक स्थान हासिल गरेको थियो भने यस गाउँपालिका भित्रका खेलाडि विद्यार्थीहरु प्रदेश स्तरीय खेलकुद प्रतियोगिताको लागि समेत छनौट भएका थिए ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुई वटा विद्यालयलाई भवन निर्माणको लागि रु. ८२ लाख ५० हजार अनुदान प्राप्त भई भवन निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको छ ।

शाखाले विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि शिक्षक कम्प्युटर तालिम, विव्यस/शिक्षक अभिभाबक संघ अन्तर्क्रिया र क्षमता विकास कार्यक्रम रिड नेपाल सँगको सहकार्यमा सञ्चालन गरेको छ ।

<u>आयुर्वेद सेवा कार्यक्रमः</u>

आ.व. २०७९/०८० मा यस शाखालाई संघीय सरकार सशर्त कार्यक्रम मार्फत रु. ३५ लाख हस्तान्तरण भएको देखिन्छ । यस कार्यक्रम अन्तर्गत रु. ५ लाख १३ हजार अर्थात १४.६६ प्रतिशत खर्च भएको देखिन्छ । यस शाखामा कार्यरत वैद्य निरीक्षक अधिकृत स्तर छैटौ विल्टु रायको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचण, २०७९ को क्रममा निर्वाचनको सिलसिलामा खटिएको मतदान स्थलमै निधन भएकोले र शाखामा अन्य जनशक्ति कार्यरत नरहेकाले यस शाखामा सन्तोषजनक खर्च प्रगति भएको देखिदैन । यस शाखामा जनशक्ति व्यवस्थापनको लागि गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

<u>नापी शाखाः</u>

आर्थिक वर्षको मध्यतिर मात्र यस शाखामा जनशक्ति व्यवस्थापन गरिएको थियो । नेपाल सरकारको नीति अनुरुप जग्गा वर्गीकरण नगरी जग्गा कित्ताकाट गर्ने व्यवस्था नभएकोले यस शाखामा कार्यरत जनशक्ति र नापी कार्यालय सोलुखुम्बुको जनशक्तिबाट जग्गा वर्गीकरणको कार्य अन्तिम चरणमा रहेको छ । जग्गा वर्गीकरणको कार्य सम्पन्न भए पश्चात मात्र यस गाउँपालिका भित्रको जग्गाहरुको कित्ताकाट सम्बन्धी कार्यको थालनी सुरु हुन्छ ।

प्रधानमन्त्री रोजगार सेवा केन्द्रः

आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री रोजगार सेवा केन्द्रलाई संघीय सरकार सशर्त अनुदान रु. ५९ लाख ७४ हजार प्राप्त भएको देखिन्छ । जसमा १०० प्रतिशत कार्यक्रम सम्पन्न भएको छ ।

सूचना प्रविधि शाखाः

गाउँपालिका र प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सँगको आर्थिक सहयोगमा सूचना प्रविधि अधिकृत करार सेवामा व्यवस्था गरिएको छ । शाखाले गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरुको गाउँपालिकाको वेवसाइटमा अध्यावधिक लगायत शासकीय सुधारमा सहयोग गर्दै आएको छ ।

लघु उद्यम विकास कार्यक्रमः

आ.व. २०७९/०८० मा यस कार्यक्रम अन्तर्गत संघीय सरकार शसर्त कार्यक्रमबाट रु. ३० लाखको कार्यक्रम हस्तान्तरण भएको देखिन्छ । लघु उद्यम मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने, पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम लगायतका कार्यक्रमहरु यस शाखाबाट सम्पादन हुने गर्दछ ।

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमः

कोशी प्रदेश सरकारबाट आलु खेती प्रबर्द्धन कार्यक्रम, शहिद कुसुम स्मृति प्रतिष्ठान नेपाल अधुरो भवन निर्माण र स्मृति प्रतिष्ठान फाउण्डेशन अध्ययन केन्द्र तथा संघसंस्थाहराई अनुदान कार्यक्रम गरी रु. ५१ लाखको कार्यक्रम हस्तान्तरण भएकोमा सबै कार्यक्रम सम्पन्न भईसकेको छ ।

विनियोजन तथा खर्चः

नेचासल्यान गाउँपालिकामा आ.व. २०७९/०८० मा चालु खर्च तथा पुँजीगत खर्च सम्बन्धी विनियोजन यस प्रकार रहेको छः

क) चालु खर्चः

आ.व. २०७९/०८० मा गाउँसभाबाट स्वीकृत र विभिन्न समयको कार्यपालिका बैठको निर्णयानुसार रकमान्तर गरी रु. ३० करोड ८५ लाख १७ हजार चालु खर्चमा विनियोजन गरिएको थियो । यस शीर्षकमा रु. २७ करोड ७० लाख २१ हजार अर्थात ८९.७९ प्रतिशत खर्च भएको छ ।

ख) पूँजीगत खर्चः

आ.व. २०७९/०८० मा गाउँसभाबाट स्वीकृत र विभिन्न समयको कार्यपालिका बैठको निर्णयानुसार रकमान्तर गरी रु. १८ करोड २६ लाख ११ हजार विनियोजन गरिएको थियो । यस शीर्षकमा रु. १५ करोड ८३ लाख ११ हजार अर्थात ८६.६९ प्रतिशत खर्च भएको छ ।

समग्रमा, आ.व. २०७९/०८० मा नेचासल्यान गाउँपालिकाको जम्मा आय रु. ४९ करोड ११ लाख २९ हजार र खर्च रु. ४३ करोड ५३ लाख ३२ हजार भएको देखिन्छ । यो ८८.६३ प्रतिशत खर्च प्रगति हो ।

<u>क्षेत्रगत बजेट तथा खर्चः</u>

आर्थिक वर्ष २०७९/०८० को क्षेत्रगत बजेट तथा खर्च सम्बन्धी विवरण देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छुः

<u>क) आर्थिक विकासः</u>

यस क्षेत्र अन्तर्गत कृषि, उद्योग, पर्यटन, जलश्रोत तथा सिँचाई, पशुपन्छि विकास, भूमी व्यवस्था र वाणिज्य उपक्षेत्र रहेका छन् । यस क्षेत्रमा जम्मा रु. ३ करोड २७ लाख ३१ हजार विनियोजन भएकोमा रु. ३ करोड ६५ हजार १ सय १ रुपैया अर्थात ९१.८६ प्रतिशत खर्च भएको छ ।

<u>ख) सामाजिक विकासः</u>

यस क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, लैंगिक समानता तथा समावेशीकरण, युवा तथा खेलकुद र सामाजिक सुरक्षा तथा संरक्षण उपक्षेत्र रहेका छन् । यस क्षेत्रमा जम्मा रु. २५ करोड ३० लाख ७१ हजार ५ सय ३० रुपैया विनियोजन भएकोमा रु. २२ करोड ७३ लाख ७ हजार १ सय ६ रुपैया अर्थात ८९.८२ प्रतिशत खर्च भएको छ ।

<u>ग) पूर्वाधार विकासः</u>

यस क्षेत्र अन्तर्गत यातायात, भवन-आवास तथा शहरी विकास, उर्जा, सम्पदा पूर्वाधार, विज्ञान तथा प्रविधि र पुनर्निर्माण उपक्षेत्र रहेका छन् । यस क्षेत्रमा जम्मा रु. ९ करोड ४५ लाख ७१ हजार विनियोजन भएकोमा रु. ७ करोड ९४ लाख ९३ हजार १ सय ८४ रुपैया अर्थात ८४.०६ प्रतिशत खर्च भएको छ ।

<u>घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः</u>

यस क्षेत्र अन्तर्गत वातावरण तथा जलवायु, विपद व्यवस्थाप, मानव संशाधन विकास, कानुन तथा न्याय, श्रम तथा रोजगारी, प्रशासकीय सुशासन र वित्तीय सुशासन उपक्षेत्र रहेका छन् । यस क्षेत्रमा जम्मा रु. १ करोड ५६ लाख ९५ हजार विनियोजन भएकोमा रु. १ करोड ३९ लाख ७७ हजार २ सय ८६ रुपैया अर्थात ८९.०६ प्रतिशत खर्च भएको छ ।

<u>योजना सञ्चालन तथा भुक्तानीः</u>

आ.व. २०७९/८० मा यस गाउँपालिकामा योजना, आयोजना तथा कार्यक्रम सञ्चालन सम्झौताको विवरण यस प्रकार रहेको छः

क) गाउँपालिकाले आ.व. २०७९/०८० मा गाँउसभाबाट स्वीकृत भएका तथा गाउँ कार्यपालिकाको निर्णयानुसार रकमान्तर/शीर्षकान्तर तथा थप विनियोजन गरेका योजनाहरु सञ्चालन गरेको छ । योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा उपभोक्ता समितिलाई पहिलो प्राथमिकतामा राखिएको छ । ठूला, बहुबर्षीय तथा गाउँपालिकाको गौरवका केही आयोजनाहरुमा भने ठेक्का प्रणालीबाट कार्य गरिएको छ । आ.व. २०७९/०८० मा सम्झौता भई रु. ४० लाख ३० हजार बराबरको योजना तथा कार्यक्रममको भुक्तानी यस आ.व.मा भुक्तानी हुन नसकेकोले सोको भुक्तानी दायित्व आगामी आ.व. २०८९/०८१ मा सरेको छ । संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने बजेट अनुदानमा कटौती तथा गाउँपालिको आन्तरिक श्रोत लक्ष्य अनुसार संकलन नहुँदा यस्तो अवस्था सिर्जना हुन गएको हो । यो अवस्था सिर्जना हुन नदिन गाउँपालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।